चन्द्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर, गुल्मी

## मतदाता नामावली अद्यावधिक कार्यक्रम सम्बन्धी निर्वाचन आयोग नेपालको सूचना।।

निर्वाचन आयोग, नेपालको मिति २०७८/११/०८ गतेको पत्रानुसार आगामी स्थानीय तहको निर्वाचन प्रयोजनार्थ २०७८ माघ २४ गते सम्म नामावली संकलन भई २०७९ बैशाख २९ गतेसम्म १८ बर्ष उमेर पुग्ने व्यक्तिहरुको मतदाता नामावली अध्यावधिक (दावी विरोध समेत) कार्यक्रम २०७८ फागुन १९ गते देखि फागुन २६ गतेसम्म जिल्ला निर्वाचन कार्यालयमा तपशिलका क्रियाकलाप सहित संचालन हुने जानकारी प्राप्त भएकोले सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

१. मतदाता नामावली प्रकाशन गर्ने,

२. कुनै मतदाताको नाम वा विवरणमा कुनै त्रुटी भएमा सच्याउनको लागि निवेदन दिने,

३. कसैले झुट्टा विवरण दिई मतदाता नामावलीमा नाम समावेश गरेको भए प्रमाण सहित उजुरी दिने,

४. दोहोरो नाम हटाउन निवेदन दिने,

५. दोहोरो नाम हटाउने,

६. मृत्यु भएको वा नागरिकता त्याग गरेको वा नागरिकता रद्द भएको व्यक्तिको नाम मतदाता नामावलीबाट हटाउने।

*पुनश्चः निर्वाचन आयोगको सूचना अनुसार आयोगले जारी गरेको मतदाता परिचयपत्र हराएको वा नष्ट भएको भएमा सम्बन्धित वडाको सिफारिस सहित २०७८ फागुन २० गते सम्म जिल्ला निर्वाचन कार्यलिय गुल्मीमा मतदाता स्वयं उपस्थित भई मतदाता परिचयपत्रका लागि निदेदन दिनुहुन जानकारी गराईन्छ।*

.........................
(इन्द्र बहादुर क्षेत्री)
प्रमुख प्रशासकीय अधिकृत

**इन्द्र बहादुर क्षेत्री**
**प्रमुख प्रशासकीय अधिकृत**